SERENDIPITY ARTS FESTIVAL

**हेर त, आगन्तुक !**

फिल्म, फोटो र मल्टिमिडिया सामग्रीकालागि आव्हान

दक्षिण एसियाकेन्द्रित

**कार्यक्रमबारे**

जर्मनीमा आयोजित अभूतपूर्व फिल्म फिल्म उण्ड फोटो प्रदर्शनीको ९० औँ वर्ष तथा बाहाउस कला शैलीको १०० औँ वर्षको उपलक्ष्यमा आयोजना गरिने हाम्रो कार्यक्रमको शिर्षक बेलायती कवी डब्लु एच औडेनको कविता *लुक्, स्ट्रेन्जर* अर्थात् *हेर त, आगन्तुक* बाट अभिप्रेरित छ।

यो प्रदर्शनी विभिन्न वैचारिक विधा छुँदै व्यक्ति तथा समुदायबीचको अन्तर्सम्बन्धलाई केलाउने तथा अभिलेखिकरण र प्रयोगात्मक माध्यमबाट आगन्तुक वा बाह्य व्यक्तिसँग हाम्रो सम्बन्धबारे प्रश्न गर्ने अवसर भएकाले सम्पूर्ण उमेर र पृष्ठभूमिका व्यक्तिहरूलाई सहभागी हुन आमन्त्रण गरिन्छ। दक्षिण एसियामा आफ्नो कला अभ्यास गर्ने व्यक्तिहरू वा यस क्षेत्रभित्रै तथा यस क्षेत्रबारे सिर्जना गरिएका कृतिको सहभागिताकालागि आव्हान गरेर हामी इच्छुक सहभागीहरूलाई कुनै स्थान, व्यक्ति, आफ्नै परिवार वा कुनै घटनासँगको हाम्रो अनुरागबारे चेतना बढाउन तथा वैराग र सम्बद्धताबारे आफ्नो अनुभवलाई पनि सम्बोधन गर्न प्रोत्साहित गर्दछौँ।

औडेनको कविताको शिर्षकबाट अभिप्रेरित यस कार्यक्रमले अपरिचित व्यक्तिहरूबारे हाम्रो बुझाइ, उनीहरूले हाम्रो विश्वचेतना वृद्धि गर्ने प्रक्रिया र आकस्मिक जम्काभेट तथा अन्तर्क्रियाले हामीलाई नितान्त नवीन वा अपरम्परागत वा अपेक्षित शैलीमै एकअर्कासँग सम्पर्क स्थापना गर्नतर्फ कसरी धकेल्छन् भन्नेबारे विविध दृष्टिकोणबाट अध्ययन निम्त्याउँछ ।

यस कार्यक्रमको छनौटमा पर्ने सफल कला परियोजनालाई सन् २०१९ डिसेम्बरमा भारतको गोवामा आयोजना हुने सेरेन्डिपिटी आर्ट्स फेस्टिवलमा समावेश गरिनेछ।

सामग्री पठाउने अन्तिम मिति: **मे ३१, सन् २०१९ (जेठ १७, २०७६)**